# चौकुने गाउँपालिकाको स्रोत विज्ञ शिक्षक व्यवस्थापन कार्यविधि, २०८१

प्रस्तावनाः

नेपालको संविधान २०७२ अनुसार स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी नीति, योजना तर्जुमा, मापदण्ड कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्ने र गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार गर्नका लागि शैक्षिक योजना नीति र योजना निर्माण, कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न, विद्यालयको स्थलगत अनुगमन तथा निरीक्षण गरि शैक्षिक परामर्श दिन, शिक्षकको पेशागत विकासमा सहयोग गर्न, र विद्यार्थीको सिकाई उपलब्धि सुधार गर्नका लागि शिक्षा शाखा, विद्यालय र शिक्षकहरुलाई प्राविधिक सहयोग र सहजीकरण गर्न स्रोत विज्ञ शिक्षक व्यवस्थापन गर्नका लागि चौकुने गाउँकार्यपालिकाले स्थानीय सरकार संचाल ऐन, २०७४ दफा १०२ को उपदफा २ अनुसार “चौकुने गाउँपालिकाको स्रोत विज्ञ शिक्षक व्यवस्थापन कार्यविधि, २०८१” स्वीकृत गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**<u>१. संक्षिप्त नाम र प्रारम्भ :</u>**

१. यो कार्यविधिको नाम " **चौकुने गाउँपालिकाको स्रोत विज्ञ शिक्षक व्यवस्थापन कार्यविधि, २०८१**" रहेको छ ।

२. यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

**<u>२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :</u>**

१. "गाउँपालिका" भन्नाले चौकुने गाउँपालिका सम्झनु पर्छ ।

२. "कार्यपालिका" भन्नाले चौकुने गाउँ कार्यपालिका सम्झनुपर्छ ।

३. "शिक्षा अधिकृत" भन्नाले चौकुने गाउँपालिकाको शिक्षा शखाको प्रमुखलाई सम्झनु पर्दछ ।

४. "विद्यालय" भन्नाले चौकुने गाउँपालिका क्षेत्रभित्र अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालय भन्ने सम्झनु पर्छ ।

५. "स्रोत विज्ञ शिक्षक" भन्नले यस कार्यविधि अनुसार स्रोत विज्ञ शिक्षक पदमा करारमा नियुक्ति भएको विज्ञ शिक्षकलाई सम्झनु पर्दछ ।

६. " शिक्षक" भन्नाले चौकुने गाउँपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षक पदमा नियुक्ति पाइ अध्यापनरत व्यक्तिलाई सम्झनु पर्दछ ।

७. " गाउँ शिक्षा समिति" भन्नाले चौकुने गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्दछ ।

८. "छनौट समिति" भन्नाले यस कार्यविधि अनुसार स्रोत विज्ञ शिक्षक छनौट तथा सिफारिस गर्न गठित स्रोत शिक्षक विज्ञ शिक्षक छनौट समितिलाई सम्झनु पर्दछ ।

९. “ अध्यक्ष ” भन्नाले गाउँपालिकाको अध्यक्ष भन्ने सम्झनु पर्छ ।

१०. “ उपाध्यक्ष ” भन्नाले गाउँपालिकाको उपाध्यक्ष भन्ने सम्झनु पर्छ ।

११. “सामाजिक विकास समिति” भन्नाले चौकुने गाउँपालिको सामाजिक विकास समितिलाई सम्झनु पर्छ ।

१२. “प्रमुख प्रशासकिय अधिकृत भन्नाले” गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

१३. “विद्यालय व्यवस्थापन समिति” चौकुने गाउँपालिकामा संचालन सामूदायिक तथा संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

१४. “प्रतिबेदन” भन्नाले स्रोत विज्ञ शिक्षकले शिक्षा शाखा मार्फत शिक्षा समिति र कार्यपालिकामा पेश गर्ने अर्धवार्षिक तथा वार्षिक प्रगति प्रतिबेदन सम्झनु पर्छ ।

१५. “विषयगत रोष्टर शिक्षक समूह” भन्नाले शिक्षा शाखाले तयार पारेका विषयगत शिक्षकहरुको समुहलाई सम्झनु पर्छ ।

१६. “ऐन” भन्नाले शिक्षा ऐन २०२८ र चौकुने गाउँपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा ऐन २०७४ लाई सम्झनु पर्छ ।

१७. “नियमाली” भन्नाले शिक्षा नियमावली २०५९ र चौकुने गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा नियमावलि २०७४ सम्झनु पर्छ ।

१८. “निर्देशिका” भन्नाले विद्यालय सुपरिधबेक्षण तथा पेशागत सहायता निर्देशिका २०८० सम्झनु पर्छ ।

१९. “माथिल्लो शैक्षिक योग्यता” भन्नाले एम फिल वा विद्यावारिधिलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## उद्देश्य

**३. उद्देश्यः यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेका छन्ः-**

१. योग्य र सक्षम स्रोत विज्ञ शिक्षकको व्यवस्था गरी विद्यालयको प्रभावकारी निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

२. शिक्षकको पेशागत विकासमा सहयोग र सहजीकरण गरी शिक्षण सिकाइमा सुधार गर्ने,

३. गाउँपालिकाबाट उपलब्ध शैक्षिक सेवा सुविधाको परिचालन गरी अधिकतम शैक्षिक उपलब्धि हासिल गर्ने,

४. गाउँपालिका, शिक्षा शाखा र विद्यालयसँग समन्वय गरी शिक्षण सिकाइमा सुधार गर्न,

५. शिक्षण सिकाइको योजना तयार पारी गाउँपालिकाका विद्यालयहरुमा कार्यान्वयन गर्न,

६. शिक्षा शाखालाई शिक्षा सम्बन्धी प्राविधिक र विशेषज्ञका रुपम सल्लाह सझाब प्राप्त गर्न,

## परिच्छेद-३

## स्रोत विज्ञ शिक्षकसम्बन्धी व्यवस्था

**४. स्रोत विज्ञ सम्बन्धी व्यवस्था**

१. गाउँपालिकामा सञ्चालन भएका सामूदायिक विद्यालहयरुको शिक्षण सिकाई अवस्थाको निरीक्षण तथा सुपरिवेक्षण गर्नका लागि तोकिएको कार्य गर्ने गरी स्रोत विज्ञ शिक्षकको व्यवस्था गर्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम स्रोत विज्ञ शिक्षकको व्यवस्था गर्दा गाउँपालिकाले कम्तिमा एक जनासम्म स्रोत विज्ञ शिक्षक राख सकिनेछ ।
३. गाउँपालिकाको भौगोलिका अवस्था र विद्यालय संख्याको आधारमा एक भन्दा बढी स्रोत विज्ञ शिक्षकको व्यवस्था गर्न सकिनेछ । तर त्यसरी दुई भन्दा वढि स्रोत विज्ञ रहने भएमा प्रत्येक स्रोत विज्ञको कार्य क्षेत्रमा कम्तिमा तीस विद्यालय रहेको हुनुपर्नेछ ।
४. उपादफा (३) अनुसार एक भन्दा बढी स्रोत विज्ञ शिक्षकको व्यवस्था गर्दा समान विषय र तिस भन्दा कम विद्यालय भएका राख्न पाइने छैन ।
५. गाउँपालिकाले स्रोत विज्ञ शिक्षकको व्यवस्था गर्दा उपलब्ध आर्थिक स्रोत र सक्षमताका आधारमा नियुक्त गर्नु पर्ने छ ।
६. स्रोत विज्ञ शिक्षकको नियुक्ति गर्दा शिक्षा अधिकृतले आवश्यकताको प्रस्तावसहित शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गर्नु पर्ने छ ।
७. स्रोत विज्ञ नियुक्ति गर्नुपर्ने भएमा सो गर्नु अघि कम्तिमा २१ दिनको समय दिई सार्वजनिक सुचना प्रकाशन गरी दरखास्त आह्वान गरि प्राप्त हुन आएका दरखास्त मध्येबाट योग्यतम व्यक्तलाई छनौट गर्नुपर्नेछ ।
८. स्रोत विज्ञ शिक्षक छनोटको लागि देहायबमोजिमको एक समिति हुने छ ।
   (क) संयोजकः प्रमुख प्रशासकीय अधिकृत
   (ख) सदस्यः गाउँपालिकाको माध्यमिक तहको बरिष्ठतम शिक्षक
   (ग) सदस्य सचिवः शिक्षा अधिकृत
९. स्रोत विज्ञ शिक्षक छनोटका आधार अनुसूचीमा व्यवस्था भए बमोजिम हुनेछ ।
१०. स्रोत विज्ञ शिक्षक छनौट समितिले सबैभन्दा बढि अङ्क प्राप्त गरेको प्रस्तावक / दरखास्तवालालाई नियुक्तिको लागि शिक्षा समिति मार्फत कार्यपालिकामा सिफारिस गर्नेछ ।

## <u>५. योग्यता सम्बन्धी व्यवस्था</u>

देहाय बमोजिम योग्यता पुरा भएको व्यक्ति स्रोत विज्ञको पदमा नियुक्त हुन योग्य हुनेछ :

१. नेपाली नागरिक,
२. २१ वर्ष उमेर पूरा भई ६५ वर्ष उमेर ननाघेको,
३. प्रचलित कानुनले अयोग्य नभएको,
४. कुनै राजनैतिक दलको सदस्य नभएको,
५. लाभको पदमा नरहेको र कुनै संघसंस्थामा पूर्णकालीन काम नगरेको,
६. शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा तोकिएको विषयमा स्नातकोत्तर उत्तीर्ण गरी शिक्षा शास्त्रमा स्नातक वा दश महिने सेवाकालीन तालिम प्राप्त गरेको,
७. माध्यमिक शिक्षकको स्थायी पदमा कम्तीमा दश वर्ष अनुभव हासिल गरेको वा नेपाल शिक्षा सेवाको अधिकृतस्तरको पदमा कम्तिमा दश वर्ष सेवा गरेको,

**<u>६. स्रोत विज्ञ शिक्षकको नियुक्ति</u>**

१. स्रोत विज्ञ शिक्षक छनौट समितिबाट सिफारिस भई शिक्षा समिति मार्फत कार्यपालिकाले नियुक्तिको लागि निर्णय भएको व्यक्तिलाई प्रमुख प्रशासकिय अधिकृतले अवधि तोकी करारमा नियुक्त गर्नुपर्ने छ ।

२. स्रोत विज्ञ शिक्षकको कार्य क्षेत्र, सेवा, शर्त र सुविधा करारमा सम्झौतामा व्यवस्था भए बमोजिम हुनेछ ।

३. स्रोत विज्ञको कार्य सन्तोषजनक भई बजेटको सुनिश्चित भएको अवस्थामा शिक्षा शाखाको सिफारिसमा उक्त करार नविकरण हुन सक्नेछ ।

४. गाउँपालिका शिक्षा समिति र शिक्षा शाखाले तोकेका र सम्झौतामा उल्लिखित कार्यहरु सन्तोषजनक नभएमा वा निजले प्रचलित कानून वमोजिम कार्य नगरेको अवस्थामा सम्बन्धित स्थानीय तहले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

**५.** करारको अवधि समाप्त भई नविकरण नभएमा बाहेक उपदफा ४ बमोजिम पदबाट हटाउँदा सुनुवाईको मनासिब मौका दिनुपर्नेछ ।

**<u>७. स्रोत विज्ञ शिक्षकको काम र कर्तव्य</u>**

१. स्रोत विज्ञ शिक्षकको काम र कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. स्रोत विज्ञ शिक्षक सामान्यतया प्रशासनिक रुपमा गाउँ शिक्षा समिति प्रति, कार्यक्रमगत रूपमा शिक्षा शाखा प्रमुख प्रति, अनगुमन प्रतिवेदन तथा समन्वयको लागि गाउँपालिका / गाउँ कार्यापालिका र प्रमुख प्रशासकीय अधिकृत प्रति उत्तरदायी हुनुपर्ने छ ।

२. गाउँपालिका सञ्चालन भएका सामुदायिक र संस्थागत विद्यालयमा शिक्षकहरु पेशागत सहयोग सम्बन्धी प्राविधिक सहयोग गर्ने र क्षमता अभिवृद्धि गर्न सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्नेछ ।

३. गाउँपालिकाको शिक्षा योजना, विद्यालय सुधार योजना, शैक्षणिक योजना र शिक्षा सम्बन्धी निर्णयमा सक्रिय भूमिका निर्वाह गर्ने ।

४. समूह विद्यालयको / गाउँपालिकामा संचालन भएका सामूदायिक र संस्थागत विद्यालयहरुको नियमित सुपरिवेक्षण, प्राविधिक सहयोग, शिक्षकको पेशागत विकास सहयोग सम्बन्धी वार्षिक कार्यक्रम बनाइ गाउँ शिक्षा समिति र शिक्षा शाखामा प्रतिवेदन दिने र सूचना प्रवाह गर्ने ।

५. विद्यालय शिक्षासँग सम्बन्धित सम्पुर्ण सूचनाहरू अद्यावधिक गरी राख्ने र आवश्यकता अनुसार गाउँपालिका तथा शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने ।

६. शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयहरूको सहयोग तथा सहकार्यमा आवश्यकता अनुसार अनुसन्धानात्मक, रचनात्मक, सहयोगात्मक र सुधारात्मक कार्यहरू सञ्चालन गर्ने, गराउने ।

७. चौकुने गाउँपालिकाको शिक्षा ऐन, शिक्षा नियमावली र शिक्षाका कार्यविधि, कर्णाली प्रदेश सरकार शिक्षासँग सम्बन्धित कानून र संघीय शिक्षा ऐन, नियमावलीहरु र कार्यविधिहरुले तोकेका / परिलक्षित गरेका विषयहरुलाई कार्यान्वयन गर्न सहजीकरण गर्ने,

८. सिकाइ उपलब्धि वृद्धि हुने क्रियाकलापको बारेमा विषयगत रोष्टर शिक्षक समूहमा र विद्यालयस्तरीय नियमित बैठकमा छलफल गरी योजना बनाउने ।

९. विद्यालयलाई सिकाइ उपलब्धि वृद्धि गर्ने योजना निर्माण गर्न लगाई सो योजनाको सारांश बनाई शिक्षा शाखा र गाउँ शिक्षा समितिमा उपलब्ध गराउने ।

१०. विद्यालयले निर्माण गरेको सिकाइ उपलब्धि वृद्धि योजना कार्यान्वयनको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।

११. महिनामा कम्तीमा ७ ओटा विद्यालयको निरीक्षण गर्ने, त्यस मध्ये कम्तिमा ३ वटा विद्यालयको सघन अनुगमन गर्ने ।

१२. कक्षा अवलोकन गर्दा यस अघिको निर्देशन र पृष्ठपोषण कार्यान्वयनको जानकारी लिई सम्बन्धित शिक्षक र प्रधानाध्यापकसँग यस सम्बन्धमा छलफल गर्ने ।

१३. सिकाइ उपलब्धि वृद्धिका लागि विद्यालय तथा शिक्षकहरुलाई दिइएको निर्देशन तथा पृष्ठपोषणको अभिलेखिकरण गरी नियमित रुपमा शिक्षा शाखामा जानकारी गराउने ।

१४. गाउँपालिकाबाट दिइएको कार्यदिशा भित्र रही विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकबाट सम्पादित कार्यको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

१५. शिक्षकको पेशागत विकासको कार्यान्वयनका सम्बन्धमा केन्द्र तथा तालिम प्रदायक संस्थाको निर्देशन अनुसारका काम गर्ने ।

१६. गाउँपालिकाले छनौट गरेका विषयगत रोष्टर प्रशिक्षकलाई तालिम सञ्चालनमा सहयोग गर्ने ।

१७. गाउँपालिकाभित्रका शिक्षकले प्रत्येक मोड्युल तालिम पुरा गरेको विवरण अद्यावधिक बनाई राख्ने र मोडुल पुरा गर्नेलाई मानव संशाधन विकास केन्द्रबाट प्रमाणपत्र सम्बन्धी कार्य गर्ने ।

१८. प्राविधिक सहयोगका लागि सम्बन्धित शैक्षिक तालिम केन्द्र तथा केन्द्रसँग सम्पर्क र समन्वय गर्ने ।

१९. शैक्षिक तालिम / मानव संशाधन विकास केन्द्रको सहकार्य तथा समन्वयमा शिक्षण सिकाइ शैक्षिक गुणस्तर र पेशागत विकास सम्बन्धमा कार्यमूलक अनुसन्धान, घटना अध्ययन आदि सञ्चालन गर्ने र प्रबोधिकरण गर्ने ।

२०. शिक्षक तालिम, पेशागत विकास तथा अभिमुखीकरणका सम्बन्धमा तालिम केन्द्र तथा इकाईबाट निर्धारण भई आएका कार्य गर्ने ।

२१. विद्यालयमा संचालन हुने आवधिक परिक्षाको नतिजा तुलनात्क विश्लेषण गरि समिति र प्रधानाध्यापक बैठकमा प्रदर्शन गर्ने र सुधारका उपायहरु सुझाउने ।

२२. विद्यालयको सिकाइ उपलब्धि सुधार गर्नका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अभिभावकसंग अन्तर्क्रिया गर्ने ।

२३. आवश्यकता अनुसार नुमूना कक्षा लिने र विषयगत रोष्टर शिक्षकलाई लिन लगाउने ।

२. स्रोत विज्ञ शिक्षकको अन्य काम र कर्तव्य करार पत्र तथा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । त्यसरी काम र कर्तव्य निर्धारण गर्दा निश्चित कार्य गर्ने गरी अधिकार प्रदान पनि गर्न सकिनेछ ।

३. गाउँपालिकाले दफा ४ को उपदपा ३ अनुसार एक भन्दा स्रोत विज्ञ शिक्षक नियुक्ति गरेको खण्डमा उपदफा १ भएका काम कर्तव्य र अधिकार कार्यान्वयन गर्न विद्यालयहरुको समूह बनाएर कार्यान्वयन गर्नु पर्ने छ ।

## परिच्छेद-४
## विविध

**८. समुह सुपरीवेक्षण सम्बन्धी व्यवस्थाः**

१. यस निर्देशिका बमोजिम स्रोत विज्ञ नियुक्त नभएको अवस्थामा सम्बन्धित स्थानीय तहले कम्तीमा दुई जनासम्मको विज्ञको समुह तयार प्रस्ताब माग गरि एक वा एक भन्दा बढि विद्यालयको निरीक्षण तथा सुपरीवेक्षण गराउन सक्नेछ ।

२. उपदफा (१) बमोजिम समूहमा रहने स्रोत विज्ञ शिक्षकको योग्यता यस निर्देशिकाको दफा ५ बमोजिम हुनु पर्नेछ ।

३. स्रोत विज्ञ शिक्षक समूहबाट हुने निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाबाट निर्धारण भए वमोजिम हुनेछ ।

**९. आवश्यक व्यवस्था गर्न सक्नेः**

गाउँपालिकाले यस निर्देशिका बमोजिम रहने स्रोत विज्ञ शिक्षक, विद्यालय निरीक्षण तथा सुपरीवेक्षण, गाउँपालिकामा पेश हुने प्रतिवेदन तथा स्रोत विज्ञ शिक्षकको कार्य सञ्चालनका विषयमा आवश्यक थप व्यवस्था गर्न सक्नेछ ।

**१०. क्षमता अभिवृद्धि कार्यक्रम गर्न सक्नेः**

गाउँपालिकाले तालिम प्रदायक संस्था मार्फत स्रोत विज्ञ शिक्षक तथा विद्यालय शिक्षकको क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू गर्न सक्नेछन ।

**११. आर्थिक स्रोत सम्बन्धी व्यवस्थाः**

१. स्रोत विज्ञ शिक्षकले प्राप्त गर्ने तलव भत्ता तथा अन्य सुविधा स्थानीय तहले व्यवस्था गरे वमोजिम हुनेछ ।

२. स्रोत विज्ञ शिक्षकको कार्य गर्ने स्थान, कार्य सञ्चालन सम्बन्धी व्यवस्था र कार्यालय व्यवस्थापन गाउँपालिकाबाट गरिदिनु पर्ने छ ।

३. स्रोत विज्ञ शिक्षकलाई आवश्यक पर्ने साधनहरुको व्यवस्थापन गर्नु पर्ने ।

**१२. अन्यत्र कामकाजमा लगाउन नहुनेः**

१. स्रोत विज्ञ शिक्षकले गर्ने निरीक्षण तथा सुपरीवेक्षण प्रशासनिक नभई शैक्षिक मात्र हुने छ ।

२. स्रोत विज्ञ शिक्षकलाई विद्यालय निरीक्षण तथा सुपरीवेक्षण गरी विद्यालयको शिक्षण सिकाईको सुधार गर्ने सम्बन्धी कार्यमा मात्र खटाउनु पर्नेछ ।

३. स्रोत विज्ञ शिक्षकले विद्यालय विकासको लागि विद्यालयकै कामकाजमा मात्र खटिनु पर्नेछ ।

**<u>१३. करार सम्बन्धी व्यवस्थाः</u>**

१. स्रोत विज्ञ शिक्षकको करार अवधि बढीमा एक शैक्षिक सत्रको हुनेछ ।

२. स्रोत विज्ञ शिक्षकको पारिश्रमिक यस पालिकाको उपलब्ध वित्तीय स्रोत समेतलाई मध्यनजर राखी नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत सरह हुने गरी व्यवस्था गर्न सकिनेछ ।

**<u>१४. खारेजी र बचाउः</u>**

१. स्रोत विज्ञ शिक्षक व्यवस्थापन कार्यविधी, २०८१ मा नभएका विषयहरु विद्यालय सुपरीबेक्षण तथा पेशागत सहायता निर्देशिका २०८० बमोजिम हुने छ ।

२. विद्यालय सुपरीबेक्षण तथा पेशागत सहायता निर्देशिका २०८० सँग बाझिएको खण्डमा अमान्य हुने छ ।

**अनुसूची**

**(दफा ४ को उपदफा (९) संग सम्बन्धित)**

**स्रोत विज्ञ शिक्षक छनोटका आधार**

१. स्रोत विज्ञको छनौट १०० पूर्णाङ्कको आधारमा हुनेछ ।

२. पूर्णाङ्क १०० लाई देहाय बमोजिम हुने गरी अङ्क विभाजन गरिएको छः-

| क स | आधारहरु | अंक विभाजन | कैफियत |
|---|---|---|---|
| १ | प्रस्तावना | १५ | |
| २ | प्रस्तुतीकरण | १० | |
| ३ | शैक्षिक योग्यता | १० | |
| ४ | नेतृत्व सीप | १० | |
| ५ | कार्य अनुभव | २० | |
| ६ | समूह छलफल | ५ | |
| ७ | समस्या समाधान सीप | १० | |
| ८ | अन्तरवार्ता वाफत | २० | |
| | जम्मा | १०० | |

**उल्लिखित अङ्ग प्रदान गर्ने विस्तृतिकरण**

**१. प्रस्तावनाः**

(प्रस्तावना अन्तर्गत गाउँपालिका भित्रका विद्यालहरुको शैक्षिक, भौतिक तथा व्यवस्थपकीय विकाससँग सम्बन्धित रहेर लेखु पर्ने छ । जसमा देहायका बुदाँहरु उल्लेख भएको हुनु पर्नेछ)

१ पृष्ठभूमि

२ प्रस्तावनाको उद्देश्य

३ प्रस्तावनाको औचित्य

४ प्रस्तावनाको सीमा

५ वर्तमान अवस्था (तथ्यांकगत प्रस्तुती)

६ विद्यालय विकासको रणनीति

७ स्रोत साधनको व्यवस्था

८ भावी स्वरुप

**२. प्रस्तुतीकरणः**

(यस अन्तर्गत प्रस्तावनामा लेखिएका विषयवस्तुलाई संक्षिप्त रुपमा निर्णायक मण्डल समक्ष प्रस्तुत गर्नु पर्नेछ)

**३. शैक्षिक योग्यताः**

(शैक्षिक योग्यताको अंक दिदाँ न्युनतम योग्यताको लागि प्रथम श्रेणी भए ७. द्वितीय श्रेणी भए ५ र तृतीय श्रेणी भए ४ दिने र सो भन्दा एक तह माथिल्लो शैक्षिक योग्यता समेत भए प्रथम श्रेणीको ३. द्वितीय श्रेणीको भए २ र तृतीय श्रेणीको भए १ अंक थप दिने)

**४. नेतृत्व सीपः**

(यस भित्र समुहलाई कसरी नेतृत्व प्रदान गर्न सक्छ भनि समुह छलफलकै क्रममा मूल्यांकन गरी अंक दिने)

**५. कार्य अनुभव :**

(यस अन्तर्गत सम्बन्धित अनुभवको प्रति वर्ष २ अंकको दरले बढीमा २० अंक सम्म दिने, छ महिनाभन्दा कमको अंक नदिने ।

**६. समूह छलफल**

(यस अन्तर्गत कुनै विज्ञ समुह निर्माण गरी वा स्रोत विज्ञ शिक्षकहरुको निवेदन दिने उमेद्धवारहरु बिच नै छलफल चलाई मूल्यांकन गरी अंक दिने । एक जना मात्र स्रोत विज्ञ शिक्षक भएका माध्यमिक तहका २ जना वरिष्ठ शिक्षकहरुबाट छलफल गारउने ।

**७. समस्या समाधान सीपः**

(यस अन्तर्गत कुनै शैक्षिक समस्या उम्मेदवारलाई दिई कुनै समस्यामा निजले दिने तार्किक जवाफको आधारमा मूल्यांकन गर्ने)

**८. अन्तरवार्ताः**

अन्तरवार्ता बापत अंक दिँदा व्यक्तित्व विषयवस्तुको ज्ञान, पहिरन तथा समसामयिक विषयवस्तुको ज्ञानलाई प्रति क्षेत्र वढीमा ५ अंकको दरले २० अंक दिने । माथि उल्लेख गरिएको आधारहरु शैक्षिक योग्यता र कार्य अनुभव वापतको अङ्क बाहेक अन्य शिर्षकमा अङ्ग दिदा सोको एकीन गरी प्रत्येक विषयमा ३५ प्रतिशत भन्दा कम र ७५ प्रतिशत भन्दा वढी अंक दिनु परे सोको आधार, कारण र पुष्ट्याई समेत उल्लेख गर्नु पर्नेछ ।